www.ctevtsolution.com

लोक सेवा आयोग

कृषि विकास बैंक लिमिटेड, प्रशासन, छैटौं, व्यवसाय अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८३/०४/२३

पत्र : प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क : १००

**विषय : व्यवस्थापन र संगठन, लेखा तथा वित्त, अर्थशास्त्र र सूचना प्रविधि**

| |
|---|
| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |

Ctevtsolution.com

## खण्ड "क" ४० अङ्क

१. समग्र गुणस्तर व्यवस्थापनको अवधारणालाई बैंकको सेवा प्रवाहमा कसरी उपयोग गर्न सकिन्छ? उदाहरणसहित व्याख्या गर्नुहोस् । ५

(How can the concept of Total Quality Management (TQM) be applied in service delivery of a bank? Explain with suitable example.)

२. भावनात्मक बुद्धिमत्ता भनेको के हो? संगठनको निर्णय प्रक्रियामा भावनात्मक बुद्धिमत्ताको कसरी प्रयोग गर्न सकिन्छ? प्रष्ट पार्नुहोस् । २+३=५

(What is emotional intelligence? How can emotional intelligence be applied in decision making process of an organization? Clarify.)

३. अधिकार प्रत्यायोजन भनेको के हो? सरकारी कामकारबाहीका कठोर नियमहरू, बहुतहको स्वीकृति प्रक्रिया र नियामकीय परिपालनाबिच अधिकार प्रत्यायोजनका चुनौतीहरू माथि प्रकाश पार्नुहोस् । साथै, अधिकार, जिम्मेवारी र उत्तरदायित्वबिचको सम्बन्ध संक्षिप्तमा प्रस्तुत गर्दै जिम्मेवारी वा उत्तरदायित्व हस्तान्तरण गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा आफ्नो तर्कपूर्ण धारणा प्रस्तुत गर्नुहोस् । २+४+४=१०

(What is delegation of authority? Highlight the challenges of delegation of authority amidst the stringent rules, multi-tiered approval processes and regulatory compliance in government operations. Also, briefly presenting the relationship between authority, responsibility and accountability, argue whether or not responsibility or accountability can be delegated.)

४. कुनै पनि सार्वजनिक संगठनको रणनीति निर्माण गर्नु अगाडि त्यस संगठनका सबल एवम् दुर्बल पक्ष र अवसर एवम् चुनौती यकिन गर्न SWOT Analysis गरिन्छ । यदि तपाईँलाई कृषि विकास बैंक लिमिटेडको नयाँ रणनीति तर्जुमाका लागि SWOT Analysis गर्ने जिम्मेवारी दिइयो भने कसरी गर्नुहुन्छ? व्याख्या गर्नुहोस् । १०

(SWOT Analysis is carried out to identify the organization's strengths and weaknesses as well as opportunities and challenges. If you are requested to carry out SWOT Analysis for the formulation of a new strategy of Agricultural Development Bank Limited, how would you do it? Explain.)

५. संगठनात्मक संस्कृति र व्यवहारका आधारभूत पक्षमाथि प्रकाश पार्नुहोस् । संगठनात्मक व्यवहार र संगठनात्मक समूह गतिशीलताबिच के सम्बन्ध छ? संगठनात्मक परिवर्तनका लागि समूह गतिशीलताले कसरी सहयोग पुऱ्याउँछ? विवेचना गर्नुहोस् । ३+३+४=१०

(Shed light on the fundamentals of organizational culture and behavior. What is the relationship between organizational behavior and organizational group dynamics? How can organizational group dynamics help for organizational change? Analyze.)

क्रमशः

www.ctevtsolution.com

www.ctevtsolution.com



## खण्ड "ख"

३० अङ्क

६. आन्तरिक नियन्त्रण प्रणालीको अवधारणा र उद्देश्य स्पष्ट गर्नुहोस् । साथै, आन्तरिक नियन्त्रणको प्रभावकारिता सुनिश्चित गर्न प्रयोग गरिने विभिन्न उपकरणहरूको व्याख्या गर्नुहोस् । ४+६=१०
(Clarify the concept and objectives of Internal Control System. Also, explain the various tools used to ensure the effectiveness of internal control.)

७. लगानी व्यवस्थापनलाई परिभाषित गर्नुहोस् । लगानी व्यवस्थापनमा जोखिम र प्रतिफलबिचको सम्बन्ध उल्लेख गर्दै लगानीकर्ताहरूले विभिन्न तथ्याङ्कीय उपकरणहरू प्रयोग गरेर लगानी जोखिम र प्रतिफललाई कसरी मापन गर्छन्? उदाहरणसहित चर्चा गर्नुहोस् । २+३+५=१०
(Define portfolio management. Explain the relationship between risk and return in portfolio management and discuss with example how investors measure portfolio risk and return using various statistical tools.)

८. आयोजनाको वित्तीय सक्षमता मूल्यांकन गर्न प्रयोग गरिने विधिहरूको व्याख्या गर्दै नेपालका बैंकहरूले पूर्वाधार परियोजनाहरूको मूल्यांकन गर्दा सामना गरिरहेका प्रमुख चुनौतीहरूको विवेचना गर्नुहोस् । ६+४=१०
(Explain the methods used to evaluate the financial viability of a project and discuss the major challenges faced by Nepali banks during the appraisal of infrastructure projects.)

## खण्ड "ग"

२० अङ्क

९. नेपालको मौद्रिक नीतिको रणनीतिक र सञ्चालन संरचनाको व्याख्या गर्नुहोस् । साथै, ब्याजदर करिडोर नीतिअन्तर्गत नीतिगत कार्यदिशा तय गर्न लिइने प्रमुख आधारहरूको चर्चा गर्नुहोस् । ७+३=१०
(Explain the strategic and operational framework of Nepal's monetary policy. Also, discuss the major bases for determining policy direction under interest rate corridor policy.)

१०. नेपालमा तर्जुमा गरिएका योजनाहरू "नीति दस्तावेजका रूपमा अब्बल तर कार्यान्वयन गर्न कठिन" खालका छन् भन्ने आमधारणामा कत्तिको सत्यता छ? योजना तर्जुमा तथा कार्यान्वयनको चरणमा महसुस गरिएका समस्यामा आधारित रही विश्लेषणात्मक प्रस्तुति दिनुहोस् । १०
(To what extent is the common perception true that the plans formulated in Nepal are "excellent as policy documents but difficult to implement"? Present an analytical discussion based on the problems experienced during the stages of plan formulation and implementation.)

## खण्ड "घ"

१० अङ्क

११. कम्प्युटर प्रणालीका मुख्य अवयवहरू वर्णन गर्नुहोस् । ५
(Describe the major components of a computer system.)

१२. कोर बैंकिङ प्रणालीको कार्यान्वयनले वित्तीय संस्थाको सञ्चालन दक्षतामा कसरी सुधार ल्याउँछ? साथै, कोर बैंकिङ प्रणालीसँग सम्बन्धित सञ्चालन जोखिमहरू पहिचान गर्नुहोस् । ३+२=५
(How does the implementation of a Core Banking System improve the operational efficiency of a financial institution? Also, identify the operational risks associated with a Core Banking System.)

:: समाप्त ::

www.ctevtsolution.com